जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ३०० २०८३ साल असार ३१ गते बुधबार (15 July 2026 Wednesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**


**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : आक्रोशको दुस्साहस: 'पुर्कोट. ३ पृष्ठमा : राष्ट्रिय सेवा दल: अनुशासित, ... ३ पृष्ठमा हर्मुज सुरक्षामा अमेरिकी...

# सर्वोच्च अदालतले खारेज गऱ्यो निजी सञ्चार माध्यमलाई सरकारी विज्ञापन नदिने निर्णय





नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८३।०३।३०

**प्रेस विज्ञप्ति**

निजी र सामुदायिक सञ्चारमाध्यमलाई आर्थिक नाकाबन्दी लगाउने गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले २०८२ चैत १८ गते गरेको निर्णय र परिपत्र खारेज गर्ने सर्वोच्च अदालतको फैसलाको नेपाल पत्रकार महासंघ स्वागत गर्दछ ।

न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले असार ३० गते मंगलबार तीन तहको सरकारी विज्ञापन र सार्वजनिक सूचना सरकारी सञ्चारमाध्यमलाईमात्र दिने विभेदकारी निर्णय उत्प्रेषणको आदेशद्वारा खारेज गरेबाट पत्रकारिता जगतले न्यायको अनुभूति गरेको छ ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, संघीयता र उदार अर्थ नीतिविपरित हुने गरी भएको सरकारी निर्णय खारेजीको माग गर्दै महासंघ तीन महिनादेखि निरन्तर आन्दोलनमा थियो ।

यही चैत २१ गते राजधानीमा भएको महासंघको राष्ट्रिय सम्मेलनले सरकारले एक साताभित्र निर्णय खारेज नगरे सिंहदरबारकेन्द्रित आन्दोलन गर्ने र अन्तर्राष्ट्रिय मिडिया मिसन बोलाउन अग्रसर हुने निर्णय लिएको थियो ।

उक्त निर्णय खारेजीले महासंघको आन्दोलनले परिणाम प्राप्त भएको छ । आन्दोलनमा साथ र सहयोग गर्ने सबैप्रति धन्यवाद ज्ञापन गर्दछ ।

महासंघ अदालतको फैसला अक्षरस पालना गर्न नेपाल सरकारसँग माग गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव

**दैनिक समाचारदाता**
**राजविराज, ३० असार ।**

सर्वोच्च अदालतले निजी सञ्चारमाध्यमहरुलाई सरकारी विज्ञापन नदिने सरकारको परिपत्र खारेज हुने ठहर गरेको छ ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय शारङ्गा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले २०८२ चैत १८ गते सरकारले निजी मिडियालाई सरकारी विज्ञापन नदिने निर्णयविरुद्ध परेको रिट निवेदन खारेज हुने फैसला गर्दै सरकारले जारी गरेको उक्त परिपत्र खारेज हुने ठहर गरेको छ ।

मिडिया सोसाइटीका अख्तियार प्राप्त निवेदक अधिवक्ता अनन्तराज लुइँटेलले सरकारले निजी सञ्चारमाध्यमलाई मात्र सरकारी विज्ञापन दिने निर्णय गैरकानुनी भएको उल्लेख गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए ।

सरकारले सरकारी विज्ञापनहरु सरकारी सञ्चार माध्यमहरुबाट मात्रै प्रकाशित एवं प्रशारित गर्ने निर्णय गरी प्रधानमन्त्री कार्यालयबाट परिपत्र जारी गरेको थियो । अदालतले सो परिपत्र बदर हुने फैसला गरेको हो ।

यसैबीच नेपाल पत्रकार महासंघले सर्वोच्च अदालतको उक्त फैसलाको स्वागत गरेको छ । महासंघका महासचिव रामप्रसाद दाहालले मंगलबार प्रेस विज्ञप्ति जारि गर्दै निजी र सामुदायिक सञ्चारमाध्यमलाई आर्थिक नाकाबन्दी लगाउने गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले २०८२ चैत १८ गते गरेको निर्णय र परिपत्र खारेज गर्ने सर्वोच्च अदालतको फैसलाको स्वागत गरेका हुन् ।

जारि विज्ञप्तिमा "न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले असार ३० गते मंगलबार तीन तहको सरकारी विज्ञापन र सार्वजनिक सूचना सरकारी सञ्चारमाध्यमलाईमात्र दिने विभेदकारी निर्णय उत्प्रेषणको आदेशद्वारा खारेज गरेबाट पत्रकारिता जगतले न्यायको अनुभूति गरेको छ ।" उल्लेख छ ।

महासंघ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, संघीयता र उदार अर्थ नीतिविपरित हुने गरी भएको सरकारी निर्णय खारेजीको माग गर्दै तीन महिनादेखि निरन्तर आन्दोलनमा रहेको विज्ञप्तिमा स्मरण गराइएको छ ।

विज्ञप्तिमा यही चैत २१ गते राजधानीमा भएको महासंघको राष्ट्रिय सम्मेलनले सरकारले एक साताभित्र निर्णय खारेज नगरे सिंहदरबारकेन्द्रित आन्दोलन गर्ने र अन्तर्राष्ट्रिय मिडिया मिसन बोलाउन अग्रसर हुने निर्णय लिएको तथा उक्त निर्णय खारेजीले महासंघको आन्दोलनले परिणाम प्राप्त भएको विज्ञप्तिमा जिकिर गरिएको छ ।

साथै आन्दोलनमा साथ र सहयोग गर्ने सबैप्रति धन्यवाद ज्ञापन गर्दै महासंघ अदालतको फैसला अक्षरस पालना गर्न नेपाल सरकारसँग विज्ञप्ति मार्फत माग गरिएको छ ।

## विद्युत् कार्यालयको गाडी दुर्घटना हुँदा दुईको मृत्यु

**दैनिक समाचारदाता**
**सुनसरी, ३० असार ।**

नेपाल विद्युत् प्राधिकरण धरान (बिजुली अफिस)को स्करपियो गाडी सोमबार राति धरान-इटहरी कोशी लोकमार्गअन्तर्गत इटहरी उपमहानगरपालिका २० स्थित सेउती पुल नजिक दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।

धरानबाट इटहरीतर्फ जाँदै गरेको बा.१त्र. १६५१ नम्बरको स्कारपियो गाडी सोमबार राति करिब ११:३० बजे आफैं अनियन्त्रित भई दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय सुनसरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक चन्द्रबहादुर खड्काले जानकारी दिए ।

दुर्घटनामा गाडी चालक धरान १३ का बिर्ख राई र नेपाल विद्युत् प्राधिकरणका कर्मचारी धरान १६ का सुमन आचार्य गम्भीर घाइते भएका थिए । दुवैलाई उपचारका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएकोमा राति करिब १२:४५ बजे चिकित्सकले मृत घोषणा गरेका सूचना अधिकारी खड्काले बताए ।

दुर्घटनामा घाइते हुनुभएका धरान २० का ज्यालादारी कर्मचारी पवन राईको बिपी प्रतिष्ठानमा उपचार भइरहेको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

## नागरिक एपबाटै देशभरको रगतको मौज्दात हेर्न सकिने

काठमाडौं, ३० असार (रासस) ।

अब नागरिक एपमार्फत देशभर उपलब्ध रगतको विवरण हेर्न सकिने भएको छ । नागरिक एपमा 'रक्त सूचना' पोर्टल थपिएसँगै प्रयोगकर्ताले विभिन्न रक्तसञ्चार केन्द्रमा कुन रक्त समूहको रगत कति युनिट उपलब्ध छ भन्ने जानकारी वास्तविक समयमा प्राप्त गर्न सक्ने भएका छन् ।

यस सुविधामार्फत देशभरका रक्तसञ्चार केन्द्रमा उपलब्ध विभिन्न रक्त समूहको रगतको मौज्दात एकै स्थानबाट हेर्न सकिने स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले जनाएको छ ।

स्वास्थ्य सेवा पहुँचलाई थप प्रभावकारी, पारदर्शी र प्रविधिमैत्री बनाउने उद्देश्यले यो सेवा नागरिक एपमा एकीकृत गरिएको हो । यसबाट आकस्मिक अवस्थामा रगत खोज्नुपर्ने बिरामी तथा उनका आफन्तलाई आवश्यक जानकारी छिटो प्राप्त हुने, रक्त व्यवस्थापनलाई सहज बनाउने तथा रक्तसञ्चार सेवाको समन्वयमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## संविधानसभाका तीन सदस्यलाई दोषी ठहर गर्ने जिल्ला अदालतको निर्णय सदर

काठमाडौं, ३० असार (रासस) ।

उच्च अदालत पाटनले रातो पासपोर्ट दुरुपयोग र कीर्ते कागजसम्बन्धी मुद्दामा तत्कालीन संविधानसभाका तीन सदस्यलाई दोषी ठहर हुने जिल्ला अदालत काठमाडौंको निर्णयलाई सदर गरेको छ ।

न्यायाधीशद्वय खड्कबहादुर केसी र गोपालप्रसाद बाँस्तोलाको संयुक्त इजलासले यही असार २३ गते संविधानसभा सदस्यहरु गायत्री साह, विश्वनाथप्रसाद यादव र शिवपुजन राय यादवलाई दोषी ठहर हुने जिल्लाको निर्णय सदर गरेको हो ।

उच्च अदालत पाटनका सूचना अधिकारी गोविन्दप्रसाद कोइरालाका अनुसार संविधानसभाका तीन सदस्यलाई जिल्लाले ठहर गरेको जनही पाँच महिना कैद र रु ५०० जरिबाना हुने फैसला उच्च अदालतले सदर गरेको हो । जिल्ला अदालत काठमाडौंले उक्त निर्णय २०७१ जेठ २१ गते सुनाएको थियो ।

पहिलो संविधानसभा २०६४ का तीन सदस्यहरुले हैसियतले प्राप्त भएको विशिष्ट कूटनीतिक राहदानी आर्थिक लाभका निम्ति बिचौलियालाई बिक्री गरेको

*बाँकी अन्तिम पृष्ठमा*

## कोशी प्रदेशले १४ प्रकारका घातक रोगविरुद्ध निःशुल्क खोप प्रदान

मोरङ, ३० असार (रासस) ।

के ? तपाइँका घरमा भर्खरै जन्मेका शिशु र गर्भवती महिला छन् ? छन् भने उनीहरू दुवैलाई १४ प्रकारका घातक रोगविरुद्ध निःशुल्क खोप लगाउन नभुल्नुहोला ! स्थानीय सरकारले तोकेका निश्चित स्थानबाट टिबी (क्षयरोग), भ्यागुते, लहरे खोकी, धनुष्टङ्कार, हेपाटाइटिस बी, होमोफिलस इन्फ्लुएन्जा टाइप 'बी', पोलियो, दादुरा, रुबेला, जापानी इन्सेफलाइटिस, निमोनिया, रोटा भाइरस, टाइफाइड र पाठेघरको मुखको क्यान्सरविरुद्धका खोप निःशुल्क उपलब्ध गराउँदै आएको छ ।

लक्षित उमेर समूहका सम्पूर्ण बालबालिकाले राष्ट्रिय तालिकाअनुसार पाउनुपर्ने उक्त खोपहरू पाए नपाएको यकिन गर्ने काम स्थानीय सरकारको हो ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले मंगलबार प्रदेशलाई पूर्णखोप सुनिश्चितता भए नभएको यकिन गरी कोशी प्रदेश पूर्ण खोप सुनिश्चितता घोषणा गर्नुभएको छ ।

स्थानीय क्षेत्रमा छुट भएका १५ महिना उमेर समूहका १४ जिल्लामा पर्ने स्थानीय निकायका तीन हजार ७१२ जनालाई पूर्ण खोप प्रदान गरी कोशी प्रदेशलाई पूर्णखोप सुनिश्चित प्रदेश घोषणा गर्नुभएको हो ।

**मधुमेह (डायबिटिज) रोगबाट बचौं**

शरीरमा चिनीको मात्रा बढी हुँदा मधुमेह हुन सक्छ,

मधुमेहले,
- विभिन्न अंगमा क्षति पुऱ्याउन सक्छ,
- मुटु र मिर्गौलामा क्षति पुऱ्याउन सक्छ,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

मधुमेहबाट बच्न,
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य पदार्थको सेवन कम गरौं,
- जङ्कफुड तथा तारेका, भुटेका र प्रशोधित खानाहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,

नियमित स्वास्थ्य परीक्षण गरौं, मधुमेहबाट बचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

# बाढी-पहिरोबाट सतर्क रहौँ

मनसुन सुरु भएसँगै नेपालका अधिकांश भागमा बाढी, पहिरो र डुबानको जोखिम बढ्दै गएको छ । प्रत्येक वर्ष प्राकृतिक विपद्का कारण धेरैले ज्यान गुमाउने, सयौं परिवार विस्थापित हुने, सडक पुल, विद्युत् तथा खानेपानीजस्ता पूर्वाधारमा ठूलो क्षति पुग्ने गरेको छ । विशेष गरी तराई क्षेत्रमा बाढी र पहाडी क्षेत्रमा पहिरोले जनजीवन अस्तव्यस्त बनाउने गरेको छद । त्यसैले विपद् आउनुभन्दा अघि नै सतर्कता अपनाउनु नै सबैभन्दा प्रभावकारी उपाय हो । मौसमको पूर्वानुमानलाई नियमित रूपमा ध्यान दिने, जोखिमयुक्त स्थानमा बसोबास गर्ने नागरिकलाई समयमै सुरक्षित स्थानमा सार्ने, नदी तथा खोलाको सतह बढेका बेला अनावश्यक आवतजावत नगर्ने र स्थानीय तह तथा सुरक्षा निकायको निर्देशन पालना गर्ने बानी बसाल्नुपर्छ ।

सरकार, स्थानीय तह, सुरक्षा निकाय र समुदायबीच प्रभावकारी समन्वय भएमा जनधनको क्षति धेरै हदसम्म कम गर्न सकिन्छ । उद्धार सामग्री, सुरक्षित आश्रयस्थल, स्वास्थ्य सेवा र राहत व्यवस्थापन पूर्वतयारीकै चरणमा सुनिश्चित गरिनुपर्छौष्सि नागरिक स्वयं पनि आपतकालीन सामग्री, आवश्यक कागजात र परिवारका सदस्यहरूको सुरक्षा योजनाबारे पहिले नै तयारी अवस्थामा रहनुपर्छ । प्राकृतिक विपद् रोक्न सकिँदैन, तर समयमै अपनाइएको सावधानीले यसको क्षति अवश्य कम गर्न सकिन्छ ।

विपद्का बेला अफवाह फैलाउनु भन्दा सही सूचना आदानप्रदान गर्नु पनि उत्तिकै आवश्यक हुन्छ । त्यसैले यस मनसुनमा सबै नागरिक सचेत, जिम्मेवार र सतर्क बनौं । तसर्थ बाढी-पहिरोबाट आफू, आफ्नो परिवार र समुदायलाई सुरक्षित राख्ने सबैको सक्रिय सहभागिता आवश्यक छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# आक्रोशको दुस्साहसः 'पुर्कोट दह टु पेन्टिङ'

**कुम्भराज राई**

काठमाडौँ, ३० असार (रासस) ।

पुल्चोकको आकासेपुलदेखि झम्सीखेलतिर लाग्नुस् । ठ्याक्कै ४८५ मिटर अगाडि सडकको बायाँतर्फ छ, 'हङ्ग्री आइ आर्ट स्टुडियो' । दुई ससाना सटरका भित्र र बाहिर टाँगिएका छन्, पेन्टिङ ।

स्टुडियोमा तपाईंलाई स्वागत गर्न हँसिलो अनुहारसहित एक जना तम्तयार देखिनुहुन्छ । औसत कद, गहुँगोरो वर्ण, डोलो मुहार, चिम्सा आँखा, बायाँतिर लर्केको जुल्फी । स्टुडियोमा भेटिनुहुने हँसिला व्यक्ति आक्रोश थापा मगरको औसत हुलिया यही हो ।

नाम र हुलियाको तालमेल मिल्दैन । स्टुडियोका पेन्टिङमा पनि विद्रोह भाव देखिन्न । अझ यहाँ आक्रोशका पेन्टिङ थोरै छन् । बरु देखिन्छ, वीरेन्द्रप्रताप सिंह, शशिविक्रम शाह, वत्सगोपाल वैद्य, किरण मानन्धर, कृष्ण मानन्धरजस्ता थुप्रै वरिष्ठ कलाकारका पेन्टिङहरू । कुलीन वर्गले मात्र खरिद गर्नसक्ने आङछिरिङ शेर्पाका पेन्टिङका सक्कल र प्रतिलिपि पनि यहाँ छन् ।

"तपाइँको नाम र स्वभाव त मिलेन नि, कसरी नाम आक्रोश भयो ?", स्टुडियोको अघिल्तिरको फिल्स रेस्टुरेन्टमा केही दिनअघि खरबुजाको चिसो जुसको पहिलो घुट्की निलेपछि लेखकले ठट्यौली शैलीमा प्रश्न सोध्दा उहाँको खित्का छुट्यो । "यसको कथा लामो छ", खासै जवाफ आएन । दोहोर्‍याएर सोधेँ, "भनेपछि बुबाआमाले राखेको नाम हैन यो", फेरि हाँसेरै टार्नुभयो । "तपाइँ सानो हुँदाको खास नाम के थियो ?", थोरै सुस्ताउँदै प्रत्युत्तर आयो, "मैले नै बिर्सिसकेँ ।" थप सोध्ने धृष्टता गरिनँ ।

आक्रोशको स्थायी थातथलो गुल्मीको मदाने गाउँपालिका-६, पुर्कोट दह हो । घरको कान्छो छोरो, एक दाजु र दुई दिदीमुनिका भाइ । कान्छो भएकैले घरमा अतिरिक्त माया पाउनु नौलो विषय रहेन । बुबा नेपाल प्रहरीको जागिरे । आक्रोशलाई भने स्कुले उमेरमै आफूभन्दा जेठोपाकोका किताबमा ध्यान जाने । त्यतिबेला गाउँमा धर्मग्रन्थ र कम्युनिष्ट विचारका किताब प्रशस्त पाइने । भेटेजतिका किताबका पत्रपत्र उधिन्ने आक्रोशको बानी थियो । इतिहासका पुस्तकमा उस्तै रुचि । "तीन-चार कक्षा पढ्दा नै नेपाल एकीकरणदेखि राजाहरूका इतिहास कण्ठस्थ थियो", स्मृतिका थैली फुकाउँदै उहाँले भन्नुभयो, "कुन मितिमा, को राजा थिए, कहाँ लडाइँ भएको थियो, मुखाग्रै हुन्थ्यो ।"

सङ्गीतप्रतिको मोह भनी नसक्नु । स्कुले उमेरमै गायक बन्ने रहर । प्रवेशिका उत्तीर्ण गरेपछि सङ्गीत पढ्ने र सिक्ने रहरको पन्तुरो बोकेर २३ वर्षअघि उहाँ सपनाको सहर काठमाडौँ आई पुग्नुभएको थियो । गाउँबाट आउनेका लागि चर्चित थियो, आरआर क्याम्पस । त्यहाँ सङ्गीत पनि पढाइ हुने भएपछि आक्रोशलाई अरु क्याम्पसले आकर्षित गर्ने कुरै थिएन । "तर सोचेजस्तो भएन, गाउँका दाइहरूले सङ्गीत पढ्न सक्दैनस्, यदि पढिस भनेपनि त्यो पढेर काम छैन भने", उहाँले स्मृतिका पत्र केलाउँदै भन्नुभयो, "मलाई भने सङ्गीत पढ्नु नै थियो ।"

त्यति नै बेला केही साथीले सुझाव दिए, 'सङ्गीत पढ्ने भए ललितकला क्याम्पस जानु ।' अहो ! ललितकला क्याम्पस पुग्दा पो आक्रोशका आँखा खुले । क्याम्पसको भूइँतलामै विद्यार्थीहरू ठूल्ठूला क्यान्भासमा रङ पोतिरहेका थिए । "बाहिर सङ्गीतप्रतिको आकर्षण देखिएपनि मेरो अवचेतन मनभित्र त पेन्टिङप्रति पो लगाव रहेछ", उहाँले भन्नुभयो, "चित्रकलाबारे पनि पढाइ हुन्छ भन्ने मलाई थाहै थिएन ।

मैले तत्काल सङ्गीत छोडेर चित्रकला पढ्ने निधो गरेँ । संयोग कस्तो भने फर्म भर्ने अन्तिम दिन थियो त्यो ।" अनि ललितकला क्याम्पसबाटै स्नातक र कीर्तिपुरस्थित केन्द्रीय ललितकला विभागबाट स्नातकोत्तर गर्नुभयो । हाल त्रिविबाटै विद्यावारिधिका लागि शोधार्थीका रूपमा अध्ययनरत हुनुहुन्छ ।

**आदिवासी कलाको भोक**

स्नातकोत्तर तहसम्म उहाँले पश्चिमा चित्रकलाबारे ज्ञान आर्जन गर्नुभयो । अलिअलि काठमाडौँका नेवारी कला, तिब्बतीयन कलाका रूपमा परिचित थाङ्का र केही मिथिला कलाबारे थाहा भयो । आक्रोशलाई लाग्थ्यो, पश्चिमा मुलुकका चित्रकला संसारकै उत्कृष्ट हो तर जब उहाँ भूइँमान्छेका कथा चित्रमा उतार्न मुलुकका ग्रामीण भेग पुग्नुभयो । त्यसपछि नेपालमा कहिल्यै चर्चामा नआएका आदिवासी कलाका बारेमा थाहा भयो । कर्णाली क्षेत्रमा सयौँवर्ष पुराना त्यस्ता कला रहेछन् ।

सन् १९३० को दशकमै इटालीका लेखक तथा प्राच्यविद् जुजेप्पे तुच्ची नेपाल आएका थिए । उनले सन् १९२९ देखि ३३ बीचमा पश्चिम नेपालको इतिहास र कलाका बारेमा अध्ययन गरेका थिए । तुच्चीले कर्णालीतिरका राजाहरूका इतिहास खोज्ने क्रममा त्यहाँका कलाहरू देखेपछि अभिलेख गरेका थिए । "म अहिले त्यही कर्णाली र पश्चिम नेपालका कलाहरू खोज्ने र अध्ययन गर्ने काममा छु", आफ्नो असली नियत कहँदै आक्रोशले भन्नुभयो, "हाम्रो देशका त्यस्ता धेरै कलाहरू युरोप पुगिसके । त्यहाँका आदिवासी सङ्ग्रहालयमा ती कला देख्न पाइन्छ ।"

उहाँका अनुसार त्यस्ता कला कुनै कलाकारले बनाएको हैन । त्यो त संस्कृतिले निर्माण गरेको हो । आक्रोशको विचारमा कलाकारले बनाएको भन्दा सक्कली कला हो त्यो । पाब्लो पिकासोले बनाएका चित्रहरू पनि अफ्रिकन मुखुन्डो र कलाबाट प्रेरित थिए । सोही प्रकृतिका कला सयौँ वर्षअघि नेपालमा पाइन्थ्यो । "त्यस्ता कतिपय धातुका मुखुन्डो मेरो सङ्कलनमा पनि छन्", आफ्ना अध्ययनबारे थप खुल्नुभयो, "युरोपियन कलाकारहरू जसलाई आदिवासी कलाबारे राम्रो ज्ञान छ । उनीहरूका पुस्तक, लेख र कुराकानीमार्फत ती कलाका सम्बन्ध खोजिरहेको छु ।"

त्यसक्षेत्रका कला हालको इरान अर्थात पर्सियाली सभ्यतासम्मै पुगेर जोडिने उहाँको दाबी छ । यी विषयमा केही विद्वानले फ्रेन्च र इटाली भाषामा शोधपत्र लेखेका छन् । आक्रोशका अनुसार किराती सभ्यता र संस्कृतिसँग जोडिएका कलाहरूबारे पनि युरोपका लेखकले लेखेका छन् । किराती कलामा पनि मुखुन्डोको प्रयोगबारे व्यापकता थियो तर धेरै किराती संस्कृति र इतिहास अध्येतालाई यसबारे थाहा छैन ।

"खासमा वास्तविक कला ती हुन्, त्यो बनाउँछु भनेर बनेका होइन, काम गर्दागर्दै बनेका हुन् । जस्तैः कुनै पूजा गर्दा केही रेखाहरू तान्नुपर्‍यो, भूतप्रेत मन्साउँदा केही वस्तु बनाएर राख्नुपर्‍यो, त्यसरी नै काम गर्दागर्दै बनेका कलाहरू हुन्", त्यस्ता कलाबारे उहाँले थप प्रष्ट पार्नुभयो, "त्यतिबेलाका धातुका कला अहिलेको भन्दा कैयौँ गुणा राम्रा थिए ।"

उहाँको विचारमा आदिवासी कला वास्तविक कला हो, त्यो जसले बनाए, त्यसमा कलाको जिउ ज्यान नै हालेको छ वा भनौँ आत्मा नै हालेर बनाएको छ । त्यस्ता कला देख्दा आफ्नोमात्र नभई कतिपय हस्तीहरूको कला नै फिक्का लाग्छ रे उहाँलाई । आक्रोशले जाजरकोटतिरबाट निस्किएका धातु कलाबारे अध्ययन गर्ने क्रममा त्यहाँ प्राय फलामका कला धेरै भेटिएको उल्लेख गर्नुभयो । त्यतिखेर फलाम सस्तो थियो । नेपालमा धातुका खानी धेरै थिए । फलामका कलाहरू विश्वकर्मा र लोहारले बनाएको भेटिन्छन् ।

**कलामा विद्रोह चेत**

आक्रोशको खास विधा समसामयिक कला नै हो । प्रदर्शनीमा उहाँका कला खासै नदेखिए पनि उहाँको कलाबारे जानकारलाई दर्शकलाई राम्रोसँग थाहा छ । केही महिनाअघि मात्रै ललितकला एकेडेमीले प्रदर्शन गरेको प्रादेशिक कला प्रदर्शनीमा राखिएको आक्रोशको एक तस्बिर त्यसका लागि पर्याप्त थियो ।

उहाँ बालबालिकासँग सम्बन्धित विषय क्यानभ्यासमा पोत्न रुचाउनुहुन्छ । स्कुल जान गाउँका विपन्न बालबालिकाले गर्ने सङ्घर्षमाथि रङ पोत्दा उहाँलाई सन्तुष्टी मिल्छ । "आफैँ बच्चा छ, उसले आफ्ना भाइबहिनी पनि बोकेर विद्यालय गइरहेको देख्दा साह्रै भावुक हुन्छु । त्यही 'सिरिज'मा काम गरिरहको छु", उहाँले भन्नुभयो ।

आक्रोश पहिलेदेखि क्रान्तिकारी विचारधारा र कम्युनिष्टका किताबबाट प्रभावित हुनुहुन्थ्यो । सशस्त्र सङ्घर्षताका लडाइसँग सम्बन्धित चित्र मात्रै कोर्नुभयो । "अहिले पनि कतिपय विषयबारे चित्तै बुझ्दैन, जस्तै एउटा आमाले बच्चाको लागि ठेलागाडा ठेलिरहेको हुन्छ । त्यसमाथि पनि ती आमाले अनेक अवरोधसँग जुध्नुपर्छ । तराई मूलका बालबालिका दरबारमार्गतिर बिहान बेलुकी खेलौना बेचेर दिउँसो स्कुल जाने रहेछन् । त्यस्ता कुराले मलाई छुन्छ", उहाँले भन्नुभयो, "तिनै कुरालाई चित्रमा उतार्छु ।"

उहाँ हाल रुकुम, रोल्पाका विभिन्न कथामा चित्र कोरिरहनुभएको छ । जता पुगे पनि आक्रोशलाई एउटै कुराले बिझाइरहन्छ रे, "जताबाट पनि थिचिने तल्लो वर्ग नै रहेछ, चाहे राज्य होस या विद्रोही पक्ष ।" आक्रोशसँग धेरै योजना छन्, तर लगानी छैन । गर्दै जाँदा उहाँलाई थाहा भयो कि इतिहास, मानवशास्त्र अध्ययनका काम 'लक्जरियस' रहेछ । पुरातत्वको काम त झनै खर्चिलो ।

भारत जस्तो मुलुकले त मोहन्जेदाडो जस्ता स्थलको उत्खनन् गर्न नसकेको अवस्थामा नेपालको तुलना गर्नै नसकिने उहाँ बताउनुहुन्छ । कुनैबेला आक्रोशलाई रक्तिम सांस्कृतिक परिवारको गीत खुब मन पर्थ्यो । जीवन शर्माका गीत गाउँदै हिँडेका सम्झना मानसपटलमा ताजै छन् । यसले पनि पुष्टि गर्छ कि 'आक्रोश' उहाँको दोस्रो नाम हो ।

**नेपालमा पेन्टिङको बजार**

आक्रोश आफ्नोसँगै अरु कलाकारका पेन्टिङ पनि बेच्नुहुन्छ । उहाँले बेच्ने सक्कली पेन्टिङहरूमा लैनसिंह वाङदेल, लक्ष्मण श्रेष्ठजस्ता कलाकारका समेत छन् । लक्ष्मण श्रेष्ठका पेन्टिङ रतन टाटाका घरदेखि, ताज होटलमा सजाइएका छन् । आक्रोशले थाहा पाउँदा नै श्रेष्ठका एउटा पेन्टिङको मूल्य दुई करोड रुपैयाँसम्म थियो ।

"हिजोआज म कलाकारभन्दा बढी कलाप्रेमी भा'को छु", सुन्तलाको जुस सुरुप्प पार्दै उहाँ मुस्काउनुभयो । उहाँसँग चित्रकार समुदायले एक सय वर्षअघि कोरेको परम्परागत चित्र पनि छ । आक्रोशले पेन्टिङ बेचेर प्राप्त गरेको अर्थ धातुका कला अध्ययनमा खर्चिरहनु भएको छ । सबैभन्दा दुःखको कुरा त नेपालमा पेन्टिङको बजार छैन । त्यही बजार बनाउन उहाँ घोटिनुभएको छ । नेपालमा पेन्टिङको बजार विस्तार हुन अझै केही दशक लाग्ने अनुमान छ, उहाँको ।

नेपालका कतिपय वरिष्ठ कलाकारहरूको अवस्था दयनीय छ । कतिले त आत्महत्या नै गरेका छन् । व्यवसायिक रूपमा चित्र कोर्नेहरू वा निरन्तरता दिनेहरू सहरका कुलीन वर्गका मात्र छन् । यसको अर्थ कलाकारिता पनि 'अर्थ'सँगै जोडिन्छ ।

कुनैबेला जङ्गबहादुर राणाले आफ्नो 'पोट्रेट' बनाउन कलाकार लिएर बेलायत भ्रमणमा गएका थिए । उतैबाट कलाकार ल्याएर यहाँ मूर्तिहरू बनाउन लगाए । अहिले टुँडिखेलको छेउछेउमा उभिएका मूर्ति तिनै हुन् । ती मूर्तिहरू त्यतिखेरका विश्वप्रसिद्ध कलाकारले बनाएका थिए । "नेपालमा पो त्यसको महत्व थाहा नभएर हो, युरोप लैजाने हो भने अझै यो करोडौँ पर्छ", उहाँले भन्नुभयो । आक्रोश सन् २०१९ मा सार्कस्तरीय चित्रकला प्रदर्शनीमा नेपालको प्रतिनिधित्व गर्दै माल्दिभ्स पुग्नुभएको थियो । उहाँ कलाक्षेत्रमा आफ्नो प्रचार खासै रुचाउनुहुन्न । आक्रोशको मुख्य उद्देश्य कलाकार र कलाप्रेमीबीच पुलको रूपमा काम गरौँ भन्ने छ ।

गुल्मीको पुर्कोट दहदेखि सङ्गीत सिक्ने सपना बोकेर सहर छिर्नुभएका उहाँलाई आफू कलाकारितामा लागेको सम्झिँदा कहिलेकाहीँ ठूलै दुस्साहस गरेको महसुस हुन्छ । "यो वर्गीय रूपमा पनि मेरो हैसियतले भ्याउने क्षेत्र हैन", कुराकानीको बिट मार्ने क्रममा उहाँले भन्नुभयो, "कहिलेकाहीँ पहाडका कुनाकन्दरा हिँड्दा ढुङ्गाको पहरामा पीपलको बोट पलाएको देख्छु । त्यसले प्रेरणा त दिन्छ नै, त्यही दुस्साहसी पीपलसँग आफूलाई पनि तुलना गर्छु ।"

# राष्ट्रिय सेवा दलः अनुशासित, सक्षम र कर्तव्यनिष्ठ युवा शक्ति निर्माणको राष्ट्रिय अभियान

काठमाडौँ, ३० असार (रासस)।

नेपालमा युवाहरूलाई अनुशासित, सक्षम, नेतृत्वदायी र राष्ट्रप्रति समर्पित नागरिकका रूपमा विकास गर्ने उद्देश्यले सञ्चालन हुँदै आएको राष्ट्रिय सेवा दल पछिल्ला वर्षहरूमा युवाको क्षमता विकासको एक महत्त्वपूर्णयस् राष्ट्रिय कार्यक्रमका रुपमा स्थापित भएको छ।

विद्यालय तथा महाविद्यालय तहका विद्यार्थीलाई जुनियर डिभिजन र सिनियर डिभिजनको तालिममार्फत नेतृत्व, अनुशासन, राष्ट्रभक्ति र सामाजिक उत्तरदायित्वका मूल्यहरू सिकाउँदै आएको राष्ट्रिय सेवा दलले राष्ट्र निर्माणमा युवाको सकारात्मक सहभागिता बढाउन उल्लेखनीय योगदान पुर्‍याएको छ।

राष्ट्रिय सेवा दलको अवधारणा विश्व इतिहाससँग जोडिएको छ। क्रिमियन युद्धपछि बेलायतका युवाहरूमा अनुशासन र नेतृत्व विकास गर्ने उद्देश्यले स्थापना गरिएको नभल ल्याड्स ब्रिगेड क्रमशः विकसित हुँदै सेवा दलको स्वरूपमा परिणत भएको थियो। यही अवधारणालाई नै अहिले विभिन्न मुलुकहरूले अपनाएका छन्।

नेपालमा राष्ट्रिय सेवा दलको अभ्यास २००८ सालदेखि प्रारम्भ भएको पाइए पनि यसको औपचारिक स्थापना २०२२ साल कात्तिक ७ गते भएको हो। राष्ट्रिय सेवा दलको मुख्य लक्ष्य युवाहरूमा अनुशासन, नैतिकता, इमान्दारिता, नेतृत्व क्षमता तथा राष्ट्रभक्तिको भावना विकास गर्नु नै हो।

साथै राष्ट्रिय एकता, सामाजिक सद्भाव र नागरिक-सैनिक सम्बन्ध सुदृढ गर्दै विपद् तथा राष्ट्रिय सङ्कटका बेला परिचालन गर्न सकिने दक्ष स्वयंसेवक जनशक्ति तयार गर्नु पनि यसको प्रमुख उद्देश्य हो।

अन्तरराष्ट्रिय युवा आदान-प्रदान कार्यक्रममार्फत मित्र राष्ट्रहरूसँग सम्बन्ध विस्तार र कूटनीतिलाई सुदृढ बनाउने कार्यसमेत राष्ट्रिय सेवा दलले गर्दै आएको छ।

यस संस्थाको सञ्चालन तथा व्यवस्थापन राष्ट्रिय सेवा दल ऐन, २०२७ अनुसार हुँदै आएको छ। ऐनले विद्यार्थीहरूलाई सैनिक तालिममार्फत अनुशासित र योग्य नागरिक बनाउने उद्देश्य स्पष्ट गरेको छ। राष्ट्रिय सेवा दल ऐन, २०२७ मा उल्लेख भएअनुसार सेवादलमा भर्ना गरिएको व्यक्तिलाई सेवादलमा भर्ना भएकै कारणले मात्र सैनिक सेवामा काम गर्न बाध्य गराइने छैन भन्ने उल्लेख भएको छ।

राष्ट्रिय सेवा दलले शिक्षा तथा खेलकुद मन्त्रालय तथा नेपाली सेनाको सिफारिसका आधारमा विद्यालय छनोट गरी तालिम सञ्चालन गर्दछ। विद्यालय छनोटमा सरकारी विद्यालयलाई ६० प्रतिशत र निजी विद्यालयलाई ४० प्रतिशत प्राथमिकता दिइन्छ। छात्र-छात्राको समान सहभागिता सुनिश्चित गरिनुका साथै समावेशी प्रतिनिधित्वलाई विशेष ध्यान दिइन्छ।

हाल राष्ट्रिय सेवा दलले सिनियर तथा जुनियर डिभिजनमार्फत तालिम सञ्चालन गर्दै आएको छ। तालिम दुई चरणमा सञ्चालन गरिन्छ। पहिलो चरणमा विद्यालयमै ७९ दिनको संस्थागत तालिम सञ्चालन हुन्छ, जसमा शारीरिक प्रशिक्षण, आधारभूत सैनिक कला, विपद् व्यवस्थापन, साहसिक गतिविधि तथा अनुशासनसम्बन्धी विषय समावेश गरिन्छ।

दोस्रो चरणमा २१ दिनको वार्षिक सामूहिक क्याम्प सञ्चालन गरिन्छ, जहाँ नेतृत्व विकास, व्यक्तित्व विकास, सामाजिक सेवा, शारीरिक तन्दुरुस्ती, सांस्कृतिक आदान-प्रदान तथा विभिन्न प्रतियोगितात्मक गतिविधिहरू आयोजना गरिन्छ। यसरी कुल एक सय दिनको तालिमले विद्यार्थीहरूलाई व्यावहारिक ज्ञान र नेतृत्व अनुभव प्रदान गर्दछ।

स्थापनादेखि हालसम्म राष्ट्रिय सेवा दलले उल्लेखनीय सफलता हासिल गरेको छ। प्रारम्भिक चरणमा सीमित सङ्ख्याका विद्यार्थीलाई मात्र तालिम दिइने क्षमता रहे पनि अहिले वार्षिक सात हजार ७१० जना विद्यार्थीलाई तालिम प्रदान गर्ने क्षमता विकास भएको छ।

हालसम्म देशभरका ८९ हजार ८९४ जना विद्यार्थी राष्ट्रिय सेवा दलबाट प्रशिक्षित भइसकेका छन्। तीमध्ये १५ हजार २१५ जना सिनियर डिभिजन तथा ७४ हजार ६७९ जना जुनियर डिभिजनका क्याडेट रहेका छन्।

राष्ट्रिय सेवा दलको अर्को महत्त्वपूर्ण पक्ष युवा आदानप्रदान कार्यक्रम हो। हालसम्म सात मित्र राष्ट्रसँग सञ्चालन भएको यस कार्यक्रममार्फत नेपालबाट ५६३ भन्दा बढी विद्यार्थी विदेश भ्रमण तथा अध्ययन आदान-प्रदान कार्यक्रममा सहभागी भएका छन् भने विभिन्न मित्रराष्ट्रबाट ५८९ जना युवा नेपाल आएर ऐतिहासिक, सांस्कृतिक तथा शैक्षिक गतिविधिमा सहभागी भएका छन्। यसले अन्तरराष्ट्रिय समन्वय, नेतृत्व एवं व्यक्तित्व विकास र कूटनीतिमा सकारात्मक योगदान पुर्‍याएको छ।

राष्ट्रिय सेवा दलबाट तालिम प्राप्त पूर्व क्याडेटहरूलाई सङ्गठित गर्ने उद्देश्यले विसं २०७५ मा एनसिसि अल्मुनाई एसोसिएसन, नेपाल पनि स्थापना गरिएको थियो। यस संस्थाले विपद् व्यवस्थापन, रक्तदान, वृक्षारोपण, स्वास्थ्य शिविर, सरसफाइ अभियान तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ। हालसम्म देशभर ७७ वटा स्थानीय समिति गठन भइसकेका छन्।

भविष्यमा राष्ट्रिय सेवा दलले आफ्नो दायरा अझ विस्तार गर्ने योजना बनाएको छ। हालका दिनहरुमा राष्ट्रिय सेवादल तालिम गर्न इच्छुकहरूको सङ्ख्यामा वृद्धि भएको तर तालिम गराउन सक्ने क्षमता सात हजार ७०० लाई निरन्तरता दिँदै गत आवमा २१४ वटा विद्यालय सहभागी भएकामा आव २०८३/८४ मा विद्यालयहरुको सङ्ख्या वृद्धि गरेर २५७ पुर्‍याइएको नेपाली सेनाका प्रवक्ता राजाराम बस्नेतले जानकारी दिनुभयो।

यस दलले आगामी दिनहरुमा वार्षिक रुपमा कम्तीमा ११ हाजार ५०० विद्यार्थीलाई तालिम प्रदान गर्ने लक्ष्य निर्धारण गरेको छ। साथै, पूर्व क्याडेटहरूको डाटाबेस व्यवस्थापन, पुनर्ताजगी तालिम, रोजगारसँग जोडिने कार्यक्रम, नीति निर्माणमा सहभागिता तथा नियमित अध्ययन-अनुसन्धानलाई प्राथमिकता दिने योजना अघि सारिएको पनि प्रवक्ता बस्नेतले बताउनुभयो।

करिब छ दशकदेखि राष्ट्रिय सेवा दलले अनुशासित, सक्षम, राष्ट्रप्रेमी र जिम्मेवार नागरिक निर्माणमा निरन्तर योगदान दिँदै आएको छ। विद्यालय तहका विद्यार्थीलाई नेतृत्व, अनुशासन, नैतिकता, सामाजिक उत्तरदायित्व तथा विपद् व्यवस्थापनसम्बन्धी व्यावहारिक ज्ञान र सीप प्रदान गर्दै यसले राष्ट्रका लागि आवश्यक दक्ष स्वयंसेवी जनशक्ति तयार गरिरहेको छ।

युवा आदानप्रदान कार्यक्रममार्फत अन्तरराष्ट्रिय अनुभव र सांस्कृतिक आदानप्रदानको अवसर विस्तार भएको छ भने अलुमुनाईमार्फत पूर्व क्याडेटहरू विपद् व्यवस्थापन, सामाजिक सेवा र सामुदायिक अभियानमा सक्रिय रूपमा परिचालित भइरहेका छन्। तालिमको दायरा, गुणस्तर र संस्थागत क्षमता थप सुदृढ हुँदै गएमा राष्ट्रिय सेवा दल नेपालको युवा विकास, सामाजिक उत्तरदायित्व र राष्ट्र निर्माण अभियानको अझ प्रभावकारी आधारस्तम्भका रूपमा स्थापित हुने अपेक्षा गरिएको छ।

प्रस्तावित राष्ट्रिय सेवा दल विधेयक, २०८३ मा युवा विकास र पूर्वक्याडेटहरूको भूमिकालाई विशेष प्राथमिकता दिइएको छ। नेपालको संविधान २०७२ को धारा ५१ को राज्यका नीतिहरु अन्तर्गत (क) को ६ मा राष्ट्रिय आवश्यकताअनुरुप नागरिकलाई राष्ट्रको सेवा गर्न तत्पर र सक्षम बनाउने उल्लेख भएको छ।

प्रस्तावित राष्ट्रिय सेवा दल विधेयक, २०८३ ले राष्ट्रिय सेवा दलको कार्यक्षेत्र, उद्देश्य र संस्थागत संरचनालाई समयानुकूल बनाउन विशेष जोड दिएको छ। विधेयकको मुख्य व्यवस्थाअन्तर्गत नेपाली सेनाले विगत लामो समयदेखि सञ्चालन गर्दै आएको जुनियर तथा सिनियर तहका विद्यार्थीहरूका लागि राष्ट्रिय सेवा दल तालिमलाई कानुनी रूपमा थप व्यवस्थित गर्ने व्यवस्था गरिएको छ।

विधेयकले नैतिकवान, अनुशासित, राष्ट्रप्रेमी, सक्षम तथा नेतृत्वदायी व्यक्तित्व भएका युवा शक्ति निर्माण राष्ट्रिय सेवा दलको प्रमुख उद्देश्यका रूपमा परिभाषित गरेको छ।

किशोर तथा युवा पुस्तामा अनुशासन, नेतृत्व क्षमता, व्यक्तित्व विकास, सामाजिक उत्तरदायित्व र राष्ट्रसेवाको भावना अभिवृद्धि गर्ने लक्ष्यलाई पनि विधेयकले विशेष महत्व दिएको छ।

यसैगरी, राष्ट्रिय सेवा दलबाट हालसम्म तालिमप्राप्त पूर्वक्याडेटलाई संस्थागत रूपमा एकीकृत गर्दै राष्ट्रसेवामा परिचालन गर्ने उद्देश्यले विसं २०७५ मा स्थापना गरिएको अलुमुनाईसम्बन्धी व्यवस्था पनि प्रस्तावित विधेयकमा समावेश गरिएको छ।

स्थापना भएदेखि नै उक्त संस्थाले सङ्घ, प्रदेश र स्थानीय तहमा विपद् व्यवस्थापन, सामाजिक सेवा तथा समुदायमा आधारित विभिन्न जनहितका कार्यक्रममार्फत उल्लेखनीय योगदान दिँदै आएको छ।

इच्छुक विद्यार्थीहरूको स्वेच्छिक सहभागिताका आधारमा नै राष्ट्रिय सेवा दलका तालिम कार्यक्रम सञ्चालन हुँदै आएकामा प्रस्तावित राष्ट्रिय सेवा दल विधेयक-२०८३ ले पनि यही व्यवस्थालाई निरन्तरता दिएको छ।

# सांसदद्वारा सुकुमवासीका समस्या समाधान गर्न माग

काठमाडौँ, ३० असार (रासस)।

प्रतिनिधिसभाका सांसदहरूले सुकुमवासीका समस्या तत्काल सम्बोधन गरी उचित व्यवस्थापनको माग गर्नुभएको छ।

प्रतिनिधिसभाको बैठक सुरु हुनासाथ प्रतिपक्षी दलका सांसदहरूले आसनबाट उठेर विरोध जनाएपछि सभामुख डोलप्रसाद अर्यालले बोल्न समय दिनुहुँदा सुकुमवासी समस्या समाधानसहित समसामयिक विषयमा भनाइ राख्नुभएको हो।

सांसद गणेशसिंह ठगुन्नाले सुकुमवासीको समस्या बेलैमा सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। साथै उहाँले प्रधानमन्त्री वालेन्द्र शाहले केही समयअघि सदनमा सीमा सम्बन्धमा दिनुभएको अभिव्यक्ति संसद्को अभिलेखबाट हटाउन माग गर्नुभयो।

सांसद रमेशकुमार मल्लले केही दिनअघि आत्मदाह गरेका गणेश नेपालीप्रति महानगरीय प्रहरीले देखिएको व्यवहार दुःखद् भएको उल्लेख गर्दै अब यस्ता घटना दोहोरिन नदिन सरकारसहित सम्बद्ध सबै सचेत हुनुपर्ने धारणा व्यक्त गर्नुभयो।

सांसद आरेन राईले सीमा विवादसम्बन्धी प्रधानमन्त्रीबाट आएको अभिव्यक्ति गलत भएको टिप्पणी गर्नुहुँदै मुलुकका श्रमिक, गरिब, सुकुमवासीका हकहितका पक्षमा काम गर्न सरकारसँग अनुरोध गर्नुभयो।

सांसद ज्ञानबहादुर शाहीले आमनागरिकको बाँच्न पाउने आधार खोसिन नहुने बताउँदै गणेश नेपालीको आत्मदाहलाई रुखो व्यवहारले प्रोत्साहन गरेकाले त्यसमा संलग्न दोषीलाई कारबाही गर्न माग गर्नुभयो।

सांसद निष्कल राईले लोकतन्त्रको गहना भनेकै जवाफदेहिता र प्रश्न गर्ने अधिकार रहेको बताउँदै जनताको अभिव्यक्ति स्वतन्त्रतामा कुनै किसिमको बन्देज लगाउन नपाइने उल्लेख गर्नुभयो। उहाँले एउटा नागरिकले आफ्नो ज्यान गुमाउन बाध्य हुनुपर्ने घटनाका बारेमा सरकार संवेदनशील हुनुपर्ने बताउनुभयो।

## विश्व समाचार

### हर्मुज सुरक्षामा अमेरिकी खर्चको क्षतिपूर्ति माग

वासिङ्टन, ३० असार (रासस/एएनआई)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हर्मुज जलघाँटी हुँदै हुने अन्तर्राष्ट्रिय समुद्री यातायातको सुरक्षा सुनिश्चित गर्न अमेरिकाले निर्वाह गरिरहेको भूमिकाको आर्थिक प्रतिफल खाडी राष्ट्रहरूले तिर्नुपर्ने बताउनुभएको छ। साथै, हालैको अमेरिकी सैन्य कारबाहीपछि इरानको सैन्य क्षमता व्यापक रूपमा कमजोर बनेको दाबी गर्दै उहाँले तेहरानलाई केही महिनाअघिको अवस्थाबाट निकै पछाडि धकेलिएको टिप्पणी गर्नुभएको छ।

ओभल अफिसमा पत्रकारहरूसँग कुराकानी गर्दै राष्ट्रपति ट्रम्पले विश्वकै सबैभन्दा संवेदनशील र रणनीतिक समुद्री मार्गमध्ये एक मानिने हर्मुज जलघाँटीको सुरक्षाका लागि अमेरिकाले ठूलो जिम्मेवारी वहन गरिरहेको उल्लेख गर्नुभयो। त्यसका कारण त्यस क्षेत्रबाट प्रत्यक्ष लाभ लिने खाडी राष्ट्रहरूले अमेरिकालाई आर्थिक क्षतिपूर्ति दिनुपर्ने उहाँको भनाइ थियो।

पछि न्युजम्याक्ससँगको अन्तर्वार्तामा उहाँले हालैको अमेरिकी सैन्य कारबाहीले इरानको सैन्य संरचनामा गम्भीर क्षति पुगेको दाबी गर्नुभयो। इरानको नौसैनिक शक्ति, हवाई क्षमता, राडार प्रणाली, हवाई प्रतिरक्षा संयन्त्र तथा हतियार उत्पादन गर्ने पूर्वाधारमा ठूलो असर परेको उहाँको भनाइ थियो।

राष्ट्रपति ट्रम्पले इरानसँग रहेका १५९ वटा नौसैनिक जहाजमध्ये अधिकांश नष्ट भएको दाबी गर्दै अहिले ती समुद्रको सतहमुनि पुगेको टिप्पणी गर्नुभयो। त्यस्तै, इरानका करिब २०० वटा विमान नष्ट भएको, राडार तथा एन्टी-एयरक्राफ्ट प्रणाली ध्वस्त पारिएको र हतियार उत्पादन गर्ने क्षमता करिब ८४ प्रतिशतसम्म कमजोर बनाइएको उहाँले दाबी गर्नुभयो।

निरन्तर सैन्य अभियानपछि इरानको आक्रामक क्षमता उल्लेखनीय रूपमा घटेको भन्दै ट्रम्पले अहिलेको इरान चार महिनाअघिको इरानभन्दा पूर्ण रूपमा फरक अवस्थामा पुगेको बताउनुभयो। उहाँका अनुसार इरानसँग अझै केही मिसाइल र सीमित सैन्य क्षमता बाँकी रहे पनि त्यसको प्रभाव पहिलेको तुलनामा निकै कम भइसकेको छ।

इरानलाई मध्यपूर्वको अस्थिरताको प्रमुख स्रोतका रूपमा चित्रण गर्दै राष्ट्रपति ट्रम्पले आफ्नो प्रशासनले तेहरानप्रति कडा नीति अवलम्बन गरेको दोहोर्‍याउनुभयो। उहाँले इरानले आफूलाई दबाबमा पार्न नसकेको र आफ्नो प्रशासनले त्यसलाई स्वीकार नगरेको पनि बताउनुभयो।

### खमेनी परिवारबारे ट्रम्पको नयाँ दाबी

वासिङ्टन, ३० असार (रासस/एएनआई)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानका सर्वोच्च नेता अयातुल्ला अली खमेनीका छोरा मोजताबा खमेनी सैन्य कारबाहीपछि '९० प्रतिशत निष्क्रिय' भएको दाबी गर्दै इरानको शीर्ष सैन्य नेतृत्व लगभग समाप्त भइसकेको बताउनुभएको छ। यो दाबी अमेरिकाले हर्मुज जलघाँटीमा पुनः समुद्री नाकाबन्दी लागू गर्ने र त्यहाँबाट आवतजावत गर्ने जहाजहरूबाट शुल्क उठाउने घोषणा गरेसँगै सार्वजनिक भएको हो।

फक्स न्युजसँगको अन्तर्वार्तामा राष्ट्रपति ट्रम्पले अमेरिका र इजरायलको संयुक्त सैन्य कारबाहीले इरानको रक्षा संरचनामा गम्भीर क्षति पुर्‍याएको दाबी गर्नुभयो। उहाँका अनुसार इरानको नौसैनिक र वायु शक्ति, हवाई प्रतिरक्षा प्रणाली तथा सैन्य नेतृत्वको ठूलो हिस्सा नष्ट भइसकेको छ।

ट्रम्पले इरानका प्रमुख रणनीतिक सैन्य कमान्डरहरू कारबाहीका क्रममा मारिएको दाबी गर्दै सर्वोच्च नेता अली खमेनीको पनि फेब्रुअरीको अन्त्यतिर भएको अमेरिका-इजरायलको हवाई आक्रमणमा मृत्यु भएको दाबी दोहोर्‍याउनुभयो। साथै, मोजताबा खमेनी पनि उक्त सैन्य अभियानबाट गम्भीर रूपमा प्रभावित भएको र उहाँलाई '९० प्रतिशत समाप्त' भएको अवस्थामा रहेको टिप्पणी गर्नुभयो।

उहाँले मोजताबा खमेनी अघिल्लो हवाई आक्रमणमा लागेको गम्भीर चोटबाट उपचाररत रहेको र यस महिनाको सुरुमा इरान तथा इराकमा आयोजित सार्वजनिक अन्त्येष्टि कार्यक्रममा अनुपस्थित रहेको पनि उल्लेख गर्नुभयो।

यी अभिव्यक्ति अमेरिका र इरानबीच सप्ताहन्तमा पुनः मिसाइल आक्रमण आदानप्रदान भएपछि आएको हो। मिसाइल आदानप्रदानले क्षेत्रीय तनावलाई थप चर्काएको छ।

यसैबीच ट्रम्पले अमेरिकाले 'इरानी नाकाबन्दी' पुनः लागू गर्ने तथा हर्मुज जलघाँटीको सुरक्षा सुनिश्चित गर्न व्यापारिक जहाजबाट शुल्क असुल्ने नीति अघि बढाएको जानकारी दिनुभयो। उहाँले सामाजिक सञ्जाल 'ट्रुथ सोसल' मा अमेरिका अब 'हर्मुज जलघाँटीको संरक्षक' को भूमिकामा रहने उल्लेख गर्दै इरानी जहाज तथा इरानसँग सम्बन्धित कार्गोको आवतजावत रोक्ने, तर अन्य मुलुकलाई जलमार्गको स्वतन्त्र प्रयोग गर्न दिने बताउनुभयो।

ट्रम्पले जलघाँटी प्रयोग गर्ने सबै अन्तर्राष्ट्रिय कार्गोबाट मूल्यको २० प्रतिशत बराबर प्रतिपूर्ति शुल्क उठाउने प्रस्ताव पनि गर्नुभयो। उहाँका अनुसार रणनीतिक समुद्री मार्गको सुरक्षा खर्च अन्तर्राष्ट्रिय व्यापारिक साझेदारहरूले पनि वहन गर्नुपर्छ।

इरानका विदेशमन्त्री अब्बास अराघचीले भने ट्रम्पको प्रस्ताव अस्वीकार गर्दै हर्मुज जलघाँटीको सुरक्षा गर्ने ऐतिहासिक र कानूनी जिम्मेवारी इरानकै रहेको प्रतिक्रिया दिनुभएको छ। उहाँले सामाजिक सञ्जालमार्फत २० प्रतिशत शुल्क अत्यधिक भएको टिप्पणी गर्दै इरानले निष्पक्ष रूपमा काम गर्ने बताउनुभयो।

अमेरिका र इरानबीच हर्मुज जलघाँटीको नियन्त्रण, सुरक्षा र समुद्री आवागमनलाई लिएर आरोप-प्रत्यारोप तीव्र बन्दै गएको छ। विश्व ऊर्जा आपूर्तिका लागि अत्यन्त महत्त्वपूर्ण मानिने यस समुद्री मार्गलाई लिएर दुवै पक्षले आ-आफ्नो दाबी थप आक्रामक रूपमा प्रस्तुत गरिरहेका छन्।

# गृहमन्त्री र आन्दोलनरत मिटरब्याज पीडित पक्षबिच पहिलो चरणको वार्ता सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, ३० असार ।**

नेपाल सरकारका गृहमन्त्री र आन्दोलनरत मिटरब्याज पीडित पक्षबिच पहिलो चरणको वार्ता मंगलबार सम्पन्न भएको छ ।

निजगढस्थित उद्योग वाणिज्य संघको हलमा भएको वार्तामा मिटरब्याज पीडितहरूले अघि सारेका ६ बुँदे मागका विषयमा छलफल भएको हो ।

जनकपुरबाट काठमाडौँतर्फ पैदल यात्रामा रहेको 'मिटरब्याज विरुद्धको (पैदल) न्याय मार्च' को छैटौँ दिन बाराको निजगढमा पीडितहरूलाई भेट्न र समस्याबारे छलफल गर्न गृहमन्त्री निजगढ पुगेका हुन् ।

मिटरब्याज तथा ठगी विरुद्ध किसान मजदुर सङ्घर्ष समितिका प्रवक्ता नवि निर्गेका अनुसार पहिलो चरणको वार्ता सकारात्मक रूपमा सम्पन्न भएको र अब दोस्रो चरणको वार्ताका लागि तयारी भइरहेको छ ।

प्रवक्ता निर्गले भने, 'निजगढस्थित उद्योग वाणिज्य संघको हलमा गृहमन्त्रीसँग हाम्रा ६ बुँदे मागबारे पहिलो चरणको वार्ता सम्पन्न भएको छ । दोस्रो चरणको वार्ताको लागि सरकार र आन्दोलन दुवै आन्तरिक गृहकार्यमा जुटेका छौँ ।'

आफ्ना मागहरू पूरा गराउन र विगतमा भएका सहमतिहरूको प्रभावकारी कार्यान्वयनका लागि दबाब दिन पीडितहरूले असार २५ गते जनकपुरधामबाट पैदल न्याय मार्च सुरु गरेका थिए । दुवै पक्ष आन्तरिक छलफल र गृहकार्यमा जुटेकाले छिट्टै दोस्रो चरणको वार्ता सुरु हुने सङ्घर्ष समितिले जनाएको छ ।

# विश्वविद्यालयमा १० प्रतिशत छात्रवृत्ति सुनिश्चित गर्न उपकुलपतिको संयुक्त पहल

काठमाडौं, ३० असार (रासस) ।

विभिन्न विश्वविद्यालय तथा त्यसअन्तर्गतका सम्पूर्ण आङ्गिक क्याम्पसहरूमा अब कम्तीमा १० प्रतिशत विद्यार्थीलाई पूर्ण छात्रवृत्ति सुनिश्चित हुने भएको छ ।

विभिन्न सात विश्वविद्यालयले सूचना प्रकाशन गरेर कम्तीमा १० प्रतिशत छात्रवृत्तिका लागि प्रक्रिया अगाडि बढाइएको जनाएका छन् । त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, राजर्षि जनक विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, पोखरा विश्वविद्यालय र सुदूरपश्चिम विश्वविद्यालयले छुट्टाछुट्टै सूचना प्रकाशित गरी आफ्ना आङ्गिक क्याम्पसहरूमा छात्रवृत्तिको सुनिश्चितताका लागि पत्राचार गरिएको उल्लेख गरिएको छ ।

विश्वविद्यालयको परिपत्रअनुसार सम्बन्धित क्याम्पसहरूले शैक्षिक सत्र २०८३/८४ का लागि विश्वविद्यालयबाट स्वीकृत कार्यक्रममा विद्यार्थी भर्ना लिँदा अनिवार्य रूपमा पालना गर्नुपर्ने नियमबारे अवगत गराइएको छ ।

विश्वविद्यालयको नियमअनुसार कुल स्वीकृत सिट सङ्ख्याको १० प्रतिशत सिट जेहेन्दार, विपन्न तथा लक्षित वर्गका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउन अनिवार्य रूपमा खाली राख्नुपर्ने व्यवस्था छ । उक्त १० प्रतिशत सिटमा विश्वविद्यालयको सम्बन्धनप्राप्त क्याम्पस/कलेजको छात्रवृत्तिसम्बन्धी कार्यविधिको व्यवस्थाअनुसार विद्यार्थी छनोट गरी भर्ना गरिने जनाइएको छ ।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विश्वविद्यालय र मातहतका क्याम्पसहरूमा कम्तीमा १० प्रतिशत विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्थासँगै शिक्षामा पहुँच, समान अवसर र सामाजिक न्याय सुनिश्चित गर्ने दिशामा यो अर्को महत्त्वपूर्ण कदम भएको बताउनुभएको छ ।

विश्वविद्यालयबाट छात्रवृत्ति सुनिश्चित छात्रवृत्तिबारे मन्त्री पोखरेलले यसअघि काठमाडौं महानगरपालिकाको विद्यालय प्रणालीमा लागू गरिएको छात्रवृत्ति व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयनको अनुभवका आधारमा विश्वविद्यालय तहमा पनि त्यसलाई संस्थागत गर्दै अघि बढेको उल्लेख गर्नुभयो ।

यसअघि गत चैत ३० गते शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले नियमबमोजिम छात्रवृत्ति प्रदान नगर्ने विद्यालयलाई कानुनबमोजिम आवश्यक कारबाही गर्न सम्पूर्ण स्थानीय तहहरूलाई समन्वय एवं सहजीकरण गर्न अनुरोध गरेको थियो ।

मन्त्रालयले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गर्दै शिक्षा ऐन र नियमावलीबमोजिम निजी तथा सार्वजनिक विद्यालयले विद्यार्थी सङ्ख्याका आधारमा तोकिएबमोजिमका १० प्रतिशत छात्रवृत्ति प्रदान गरेको छात्रवृत्तिको विवरण अद्यावधिक गरे/नगरेको सम्बन्धमा अनुगमन र सहजीकरण गर्न स्थानीय तहलाई अनुरोध गरेको थियो ।

# बाढीपहिरोले आठ राजमार्ग अवरुद्ध

काठमाडौं, ३० असार (रासस) ।

मुलुकको विभिन्न स्थानमा अविरल वर्षासँगै बाढीपहिराका कारण आठवटा राजमार्ग अवरुद्ध भएका छन् । बाढीपहिरोले पूर्णरुपमा अवरूद्ध भएको हुलाकी राजमार्ग भने सञ्चालनमा आएको छ ।

प्रहरी प्रधान कार्यालय नक्सालका अनुसार मंगलबार पर्साको ठोरी गाउँपालिका-२ हुलाकी राजमार्ग सडकखण्डमा पर्ने ढेडुखोला र अन्य खहरे खोलामा अविरल वर्षाको कारण आएको बाढीले सडक अवरुद्ध भएकोमा मंगलबार दिउँसोदेखि पूर्ण रुपमा सञ्चालनमा आएको छ ।

प्रहरी प्रधान कार्यलयले मंगलबार जारी गरेको विज्ञप्तिअनुसार काभ्रेपलाञ्चोक/सिन्धुली खुर्कोट-नेपालथोक-कटुन्जेबेँसी चल्ने सम्पूर्ण सवारीसाधनहरू (बिपी राजमार्ग) सञ्चालनमा पूर्णरूपमा रोक लगाइएको छ । सोमबार बिहान ललितपुरको बाग्मती गाउँपालिका-३ भट्टेडाँडास्थित पाडदुर, टाकुर्चे र भालु खोलासहित तीन ठाउँमा अविरल वर्षातको कारण कान्तिलोकपथ सडकखण्डमा पहिरो गई बाटो पूर्णरूपमा अवरुद्ध भएको विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिअनुसार मेची राजमार्ग पूर्णरूपमा अवरुद्ध भएको छ । यही असार २३ गते इलामको इलाम नगरपालिका-९ राजदुवालीस्थित मेची राजमार्गमा वर्षाका कारण बाटो हिलो भई सवारीसाधन आवतजावत गर्न नसक्ने भएकाले उक्त सडकखण्ड पूर्णरूपमा अवरुद्ध भएको, (उक्त स्थानमा वैकल्पिक बाटो रहेको) छ ।

"ताडतिङ सडकखण्ड पूर्णरूपमा अवरुद्ध भएको छ । यही असार २७ गते कास्कीको मादी गाउँपालिका-२ ज्याम्दोस्थित पोखरा ताडतिङ भित्री सडकखण्डमा बाटो मुनि लगाइएको तार जालिको ग्याबिन पर्खाल भत्किएर बाटो पूर्णरूपमा अवरुद्ध भएको हो", विज्ञप्तिमा भनिएको छ, "सालभन्डि ढोरपाटन सडकखण्ड पूर्णरूपमा अवरुद्ध भएको छ । आइतबार अर्घाखाँचीको पाणिनी-२ ढुङ्गेखोलास्थित सालभन्डि ढोरपाटन सडकखण्डमा बाटोको माथिबाट ढुङ्गा खसी बाटो पूर्णरूपमा अवरुद्ध भएको हो ।"

यसैगरी कालीगण्डकी करिडोर अवरुद्ध भएको छ । सोमबार गुल्मीको कालीगण्डकी-४ पुर्तिघाटस्थित कालीगण्डकी करिडोर सडकखण्डमा पातुखोलाको बहाव बढी भएपछि बाटो अवरुद्ध भएको विज्ञप्तिमा उल्लेख छ । विज्ञप्तिअनुसार मध्यपहाडी लोकमार्ग पूर्णरूपमा अवरुद्ध भएको छ । सोमबार कास्कीको मादी-४ भैँसेस्थित मध्यपहाडी लोकमार्गअन्तर्गत भैँसेबाट इदि जाने (भित्री सडक) मा ओखेभिरबाट झरेको लेदो, पहिरो र मादी खोलाको पानीसमेत सडकमा आइ बाटो पूर्णरूपमा अवरुद्ध भएको हो ।

प्रहरीका अनुसार रिडी वामी सडक पूर्णरूपमा अवरुद्ध भएको छ । मंगलबार बिहान गुल्मीको मुसिकोट-५ तल्लो फाँटस्थित रिडी वामी सडकखण्डको ठाँडो गिरु खोलाको बहाव बढी बाटो कटान गरी लगेको हुँदा बाटो अवरुद्ध भएको हो ।

# चालु आवको ११ महिनामा भित्रियो २१ खर्ब २० अर्ब रेमिट्यान्स

काठमाडौं, ३० असार (रासस) ।

चालु आर्थिक वर्षको ११ महिनामा नेपालमा रु २१ खर्ब २० अर्ब ८० करोड बराबरको विप्रेषण भित्रिएको छ । नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको ११ महिनाको तथ्याङ्कमा आधारित 'देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन अनुसार' समीक्षा अवधिमा विप्रेषण आप्रवाह ३८.२ प्रतिशतले वृद्धि भएर २१ खर्ब २० अर्ब ८० करोड पुगेको हो ।

राष्ट्र बैंकका अनुसार चालु आवको जेठमा मात्रै रु दुई खर्ब तीन अर्ब ८९ करोड रकम रेमिट्यान्सबापत भित्रिएको छ । जबकि गत आवको जेठमा भने विप्रेषण आप्रवाह रु एक खर्ब ७६ अर्ब ३२ करोड रहेको थियो ।

केन्द्रीय बैंकमा समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह २९.६ प्रतिशतले वृद्धि भई १४ अर्ब ५९ करोड अमेरिकी डलर पुगेको छ । अघिल्लो वर्षमा भने यस्तो आप्रवाह १२.८ प्रतिशतले बढेको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

### *संविधानसभाका तीन ...*

प्रहरीको अभियोग थियो । अदालतले सोही अभियोगमा डिलबहादुर घर्ती, गोपाल बानियाँ, मनोजकुमार कार्की, देवेन्द्र पौडेल र सन्तोषराज उप्रेतीलाई पनि कीर्ते कागज कसुरमा दोषी ठहर गरी जनही एक वर्ष कैद र रु पाँच लाख ५४ हजार जरिवाना हुने ठहर गरेको छ ।

नक्कली राहदानी प्रयोग गरी अस्ट्रेलिया जान खोजेका म्यादीका पृथ्वी छन्त्याललाई जिल्ला अदालत काठमाडौँले एक वर्ष कैद र रु ५०० जरिवानाको सजाय सुनाएको थियो । उच्च अदालतले सोही निर्णय सदर गरेको हो ।

# सवारी अवरोध जसले गरेको भए पनि कारबाही हुन्छ : सभापति लामिछाने

काठमाडौं, ३० असार (रासस) ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले केही सञ्चारगृहका प्रवेशद्वारमा अवरोध गर्ने गरी सोमबार सवारीसाधन राख्ने जोसुकै भए पनि कारबाही हुने बताउनुभएको छ ।

सोमबार केही सञ्चारगृह र नेपाली कांग्रेसका सभापति गगनकुमार थापाको घर अगाडि प्रवेशद्वारलाई नै असर गर्ने गरी निजी नम्बर प्लेटका सवारीसाधन पार्किङ गरिएको भेटिएको थियो । ती सवारीसाधनलाई प्रहरीले हटाउनुका साथै जरिवाना गरेर छोडेको थियो ।

मंगलबार सिंहदरबारमा पत्रकारहरुले यसै विषयमा राखेको जिज्ञासामा सभापति लामिछानेले ती सवारीसाधन रास्वपाकै कार्यकर्ता या जसले राखेका भए पनि कारबाही हुने स्पष्ट गर्नुभएको हो ।

सभापति लामिछानेले सोमबारको घटनाका बारेमा पार्टीले नै विज्ञप्ति प्रकाशन गरेर रास्वपा सदैव प्रेस स्वतन्त्रताको पक्षमा रहेको र सवारी अवरोध उत्पन्न गर्नेमाथि कारबाही हुने जानकारी गराइसकेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "यस घटनाका बारेमा सबैभन्दा पहिला रास्वपाले नै विज्ञप्ति निकालेर यसको विरोध गर्दै दोषीमाथि कारबाही गर्ने धारणा सार्वजनिक गरेको हो । रास्वपा त्यस्तो पार्टी हो जसले आफ्ना सांसदलाई ७२ घण्टाभित्रै कारबाही गरेको इतिहास पनि छ । त्यसैले यसमा जोसुकै एवं रास्वपाकै कार्यकर्ताको संलग्नता भए पनि कारबाही हुन्छ ।"

प्रधानमन्त्री बालेन्द्र शाह र आफूबीच हालै भएको भेटवार्ताका सम्बन्धमा राखिएको एक जिज्ञासामा सभापति लामिछानेले सो भेटमा सुकुमवासी समस्याको दिगो र छिटो समाधान, विकसित विविध परिस्थिति, राष्ट्रिय राजनीति र पार्टीका विविध विषयमा कुराकानी भएको बताउनुभयो ।


# राजविराज नगरपालिका

७ नं. वडा कार्यालय
राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या:-२०८२/०८३
च.नं. १२६८

मिति:- २०८३/०३/३०

## राजविराज नगरपालिका

### ०७ न वडा कार्यालयबाट जारी भएको ३५ दिने सुचना

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं. ०१ हाल राजविराज नगरपालिका वडा नं. ०७ बस्ने स्व.नेमचन्द चौडरियाको नाती स्व.पृथ्वी राज चौडरियाको छोरा सम्पत राज चौडरिया यस कार्यालयमा उपस्थित भई माग गरे अनुसार मेरो बुवा स्व. पृथ्वी राज चौडरियाको मिति २०५५।०२।०१ गते आफनै कालगतीले स्वर्गवास हुनु भएको र आमा स्व.जतन देवी चौडरियाको मिति २०६८।०७।२७ गते आफनै कालगतीले स्वर्गवास हुनु भएको निज मृतक बुवा आमाको हक अपुताली खाने एक मात्र छोरा सम्पत राज चौडरिया भएकोले मेरो आमा स्व. जतन देवी चौडरियाको नाउँमा कायम रहेको तपसिलमा भएको जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरी पाउँ भनी मिति २०८३।०३।२४ गते द.न. १११४ मा निवेदन दिएको हुदाँ सो सम्बन्धमा उक्त जग्गामा निवेदक बाहेक अरु कोही कसैको हक दाबी, हक अपुताली भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा उजुरी दिन आउनु होला अन्यथा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम भै जाने ब्यहोरा जानकारीको लागी अनुरोध छ ।

#### तपसिल

स्व.जतन देवी चौडरियाको नाउँमा दर्ता कायम रहेको जग्गाहरु

| सि.न | जिल्ला | गा.बि.स./न.पा. | वडा नं. | किता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सप्तरी | हरिहरपुर | ८ | ४६७ | ०-१५-० | |
| २ | सप्तरी | हरिहरपुर | ८ | ४७३ | ०-१५-५.५ | |


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*